मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १४ गते बुधबार ❑ 30 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## बाढीपहिरो प्रभावित क्षेत्रमा मुख्यमन्त्री पाण्डे, उद्धारदेखि पुनर्निर्माणसम्मलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अविरल वर्षापछि आएको बाढीपहिरोबाट प्रभावित बागलुङ, म्याग्दी, पर्वत लगायत जिल्लाको स्थलगत निरीक्षण गर्दै उद्धार, राहत, उपचार, पुनःस्थापना र पुनर्निर्माणलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिनुभएको छ । प्रभावित क्षेत्रको स्थलगत निरीक्षणका क्रममा मुख्यमन्त्री पाण्डेले बाढी पहिरोबाट भएको मानवीय तथा भौतिक क्षति, सडक, पुल लगायत पूर्वाधारको अवस्था र प्रभावित नागरिकको समस्याबारे स्थानीय तथा जिल्लास्थित सुरक्षा निकायबाट जानकारी लिनुभएको हो ।

बागलुङ र म्याग्दीमा मुख्यमन्त्री पाण्डेको उपस्थितिमा जिल्ला सुरक्षा समितिको बैठकसमेत बसेको थियो। बैठकमा बाढीपहिरोबाट भएको क्षति, तत्कालीन अवस्था तथा प्रभावित क्षेत्रमा तत्काल गर्नुपर्ने उद्धार, राहत र व्यवस्थापनका विषयमा छलफल भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । मुख्यमन्त्री पाण्डेले बाढीपहिरोबाट विस्थापित भएर अस्थायी आश्रयमा बसिरहेका नागरिकसँग भेट गरी उनीहरूको खाद्यान्न, स्वास्थ्य, आवास तथा अन्य आधारभूत आवश्यकताबारे प्रत्यक्ष जानकारी लिनुभएको थियो । "विपद्को कठिन अवस्थामा नागरिकको जीवन रक्षा, उद्धार, उपचार, राहत तथा पुनःस्थापनालाई पहिलो प्राथमिकतामा राखेर सरकार प्रभावित क्षेत्रमा सक्रिय छ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रभावित क्षेत्रको अवस्था सामान्य बनाउन आवश्यक सबै पक्षसँग समन्वय गरेर काम भइरहेको छ ।" बाढीपहिरोका कारण गण्डकी प्रदेशमा २० जनाभन्दा बढीको मृत्यु भएको छ भने केही नागरिक अझै बेपत्ता छन्। प्रदेश सरकारले विपद्मा ज्यान गुमाएका तथा बेपत्ता भएका नागरिकका परिवारलाई प्रतिव्यक्ति एक लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मृतकका परिवारलाई काजकिरिया खर्चबापत थप २५ हजार रुपैयाँ र घाइतेलाई उपचार खर्चबापत ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरेको हो ।

यसअघि भोटेकोशी बाढी प्रभावितलाई पनि प्रदेश सरकारले यस्तै प्रकृतिको सहयोग उपलब्ध गराएको थियो । प्रदेश सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा समेत चार करोड रुपैयाँ सहयोग गरेको छ । बाढीपहिरोले सडक, पुल, खानेपानीलगायतका भौतिक संरचनामा ठूलो क्षति पुर्‍याएको छ । प्रदेश सरकारका अनुसार बाढीपहिरोका कारण ११ वटा झोलुङ्गे पुल, ६ वटा पक्की पुल र ४३ वटा सडकखण्ड प्रभावित भएको छ । अवरुद्धमध्ये अधिकांश प्रादेशिक सडक सञ्चालनमा ल्याउने क्रममा रहेको सरकारले जनाएको छ । मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरोला सडक तथा बैँसीसहर-मनाङ सडक सञ्चालनका लागि संघीय सरकारसँग समन्वय भइरहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

चाडपर्वको समयमा सडक अवरुद्ध हुँदा सर्वसाधारणले थप समस्या भोग्नुपर्ने भएकाले सम्भव भएका स्थानमा वैकल्पिक व्यवस्था अपनाएर तत्काल सडक सञ्चालन गर्न प्रदेश मातहतका जिल्लास्थित पूर्वाधार विकास कार्यालयलाई निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो । यसैपिबच, मन्त्रिपरिषद् बैठकले बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचना तथा पूर्वाधारको पुनर्निर्माणका सम्भव काम तत्काल अघि बढाउन सम्बन्धित कार्यालयलाई निर्देशन दिएको छ । त्यस्तै, बाढीपहिरोबाट भएको क्षतिको पूर्ण विवरण तीन दिनभित्र संकलन गर्न समेत मातहतका निकायलाई निर्देशन दिइएको छ । प्रदेश सरकारले क्षतिग्रस्त सडक तथा पूर्वाधारलाई शीघ्र सञ्चालनमा ल्याउने, विस्थापित नागरिकलाई सुरक्षित स्थानमा पुनःस्थापना गर्ने र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई प्रभावकारी बनाउन संघीय सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरिरहेको जनाएको छ । विपद्पछि तत्काल आवश्यक सामग्रीको व्यवस्थापनका लागि बागलुङ, मनाङ, म्याग्दी र पर्वतमा आवश्यकता अनुसार त्रिपाल, टेन्ट तथा स्वास्थ्य सामग्री पठाइएको प्रदेश सरकारले जनाएको छ ।

प्रदेशका ११ वटै जिल्लाका विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम १० लाख रुपैयाँ नघट्ने गरी बजेट व्यवस्था गरिएको छ । प्रदेश विपद् व्यवस्थापन कोषमा हाल १० करोड रुपैयाँ मौज्दात रहेको सरकारले जनाएको छ । मुख्यमन्त्री पाण्डेले विपद्को समयमा सरकारको प्रयास मात्र पर्याप्त नहुने भन्दै निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा आम नागरिकको सहयोग आवश्यक रहेको बताउनुभयो । "सरकार आफ्नो साधन-स्रोतले भ्याएसम्म प्रभावित नागरिकको साथमा छ । स्थानीय तह, जिल्लास्थित सुरक्षा निकाय र सम्बन्धित कार्यालयसँग निरन्तर समन्वय भइरहेको छ," उहाँले भन्नुभयो, "यो कठिन परिस्थितिमा सबैले संयम र सहकार्यका साथ अघि बढ्न आवश्यक छ ।" स्थलगत निरीक्षणका क्रममा स्थानीयले बाढीपहिरोबाट भएको ठूलो क्षति, विस्थापन तथा आगामी दिनको जोखिमबारे मुख्यमन्त्री पाण्डेसमक्ष गुनासो र समस्या राख्नु भएको प्रदेशका प्रमुख सचिव भूपाल बरालले बताउनु भयो । सम्बन्धित मन्त्रालय र निकायलाई उद्धार र राहतलाई प्राथमिकता दिदै क्षतिको विवरण संकलन गर्न आग्रह गरिएको उहाँले जनाउनु भयो ।

## कांग्रेस १५औँ महाधिवेशन सऱ्यो, असोज १८ गतेदेखि हुने

**रासस**
काठमाडौं, १३ असोज

नेपाली कांग्रेसको १५औँ राष्ट्रियमहाधिवेशनआगामीअसोज १८ देखि काठमाडौँमा हुने भएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले मंगलबार एक विज्ञप्ति जारी देशका विभिन्न स्थानमा भारी वर्षाका कारण प्रदेशसभा तथा प्रतिनिधीसभा क्षेत्रीय अधिवेशनमा ढिलाइ भएकाले निर्धारित समयभन्दा दुई दिन पर सारिएको जानकारी दिनुभयो ।

यसअघि कांग्रेसले असोज १६ देखि १९ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका जारी निर्धारित समयभन्दा दुई दिनपछि सारिएको हो । "पार्टीको महाधिवेशनअन्तर्गत वडा र पालिका अधिवेशन सम्पन्न भई प्रदेशसभा क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन भइरहेका छन्, यसैबीचमा देशका विभिन्न स्थानमा परेको भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै १५औं महाधिवेशन असोज १८ गतेसम्मका लागि सारिएको हो", उहाँले भन्नुभयो । कांग्रेसको १५औं महाधिवेशन उद्घाटन समारोह असोज १८ गते दिउँसो २ बजे खुलामञ्चमा हुने कांग्रेसले जनाएको छ ।

## भोटेकोशी बाढी: कास्कीबाट पौने तीन करोड बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गते आएको बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि कास्कीबाट रु दुई करोड ८३ लाख ५३ हजार ९७७ सहयोग जुटेको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीका अनुसार विभिन्न सङ्घसंस्था, व्यवसायी, सामाजिक संस्था, क्लब, सहकारी, होटल तथा व्यक्तिहरूले राहतस्वरूप उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गरेका हुन् । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार हालसम्म जिल्लाका विभिन्न ८१ सङ्घसंस्थाबाट सहयोग गरिएको विवरण प्रशासनमा प्राप्त भएको छ । उहाँले सहयोगदाताहरूलाई आफूले प्रदान गरेको सहयोगको विवरण प्रशासनलाई जानकारी गराउन अनुरोध गरिएको बताउनुभयो । "विपद् प्रभावित नागरिकका लागि जिल्लामा स्वतःस्फूर्त रूपमा ठूलो रकम जम्मा भएको छ । कतिपयले प्रशासनमा जानकारी गराउनुभएको छ भने कतिपयले जानकारी नगराई आफ्नै हिसाबले समेत सहयोग गरिरहनुभएको छ ।" सहायक प्रजिअ बरालले भन्नुभयो ।

## दशैँ महोत्सव सफल बनाउन पर्यटन क्षेत्रको सामूहिक प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असोज

नेपालीहरूको महान पर्व दशैंलाई पर्यटनसँग जोड्दै आयोजना गर्न लागिएको 'दशैं पर्यटन तथा सांस्कृतिक महोत्सव-२०८३' लाई सफल बनाउन पोखराका पर्यटनसम्बद्ध संघ-संस्थाहरूले सामूहिक प्रतिबद्धता जनाएका छन् ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) को आयोजनामा हुने महोत्सवका विषयमा मंगलबार पोखरामा आयोजित छलफल कार्यक्रममा सहभागी पर्यटन क्षेत्रका विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले महोत्सवलाई एउटा संस्थाको मात्र कार्यक्रम नभई समग्र पोखराको पर्यटन क्षेत्रको साझा कार्यक्रमका रूपमा अपनत्व लिएर सफल बनाउनुपर्नेमा प्रतिवद्धता व्यक्त गरेका हुन् ।

'टिका, जमरा र चङ्गा चेट-पोखरामा पर्यटकसँग दशैं भेट' भन्ने नारासहित आयोजना गर्न लागिएको महोत्सव कार्तिक ८ गते कोजाग्रत पूर्णिमाका दिन लेकसाइडस्थित बाराहीघाट मैदानमा हुने कार्यक्रम संयोजक उमा भण्डारीले जानकारी दिइन् । महोत्सवमार्फत पर्यटकलाई टीका तथा जमरा लगाइदिने, चङ्गा चेट प्रतियोगिता, विभिन्न जातजाति तथा समुदायका मौलिक सांस्कृतिक प्रस्तुति, नेपाली मौलिक खाना र कला संस्कृतिको प्रदर्शन, परम्परागत सामग्रीका स्टल, स्थानीय उत्पादन तथा पर्यटनसम्बद्ध व्यवसायिक गतिविधिलाई समेटिने संयोजक भण्डारीले जानकारी दिइन ।

छलफलमा सहभागी पर्यटन व्यवसायीहरूले दशैंलाई नेपालीहरूको पारिवारिक तथा सांस्कृतिक पर्वका रूपमा मात्र सीमित नराखी विदेशी तथा स्वदेशी पर्यटकलाई नेपाली संस्कृति, परम्परा, खानपान र जीवनशैलीको प्रत्यक्ष अनुभव गराउने पर्यटन उत्पादनका रूपमा विकास गर्नुपर्ने धारणा राखेका थिए ।

पोखरा पर्यटन परिषदका अध्यक्ष हरि भुजलले यस्ता महोत्सवले पोखराको पर्यटनलाई संस्कृतिसँग जोड्ने राम्रो अवसर दिने बताए । "दशैं हाम्रो मौलिक संस्कृति र परम्परासँग जोडिएको पर्व हो। यसलाई पर्यटनसँग जोडेर देश-विदेशबाट आएका पर्यटकलाई हाम्रो संस्कृति अनुभव गराउन सकिन्छ ।" उनले भने "यो कुनै एउटा संस्थाले मात्रै आयोजना गरेको कार्यक्रम होइन , परिषद्सँग आबद्ध सबै सदस्य संस्था र पर्यटन क्षेत्रसँग सम्बन्धित सबै संस्थाले यसलाई साझा कार्यक्रमका रूपमा लिएर अगाडि बढ्नुपर्छ ।" उनले कार्यक्रम सफल हुनु भनेको समग्र पोखराको पर्यटन क्षेत्र सफल हुनु भएको जनाउँदै यसलाई सबैको साझा कार्यक्रमका रूपमा लिएर सफल बनाउनुपर्ने बताए ।

ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुलीले यो महोत्सव एउटा कार्यक्रम मात्रै नभइ पोखराको संस्कृति र पहिचानलाई पर्यटकीय उत्पादनका रूपमा चिनाउने अवसर भएकाले सबैको हातेमालो आवश्यक रहेको बताइन । संस्थाका अध्यक्ष ममता न्यौपानले पोखराको प्राकृतिक सुन्दरतासँगै यहाँको कला, संस्कृति र परम्परालाई पनि पर्यटकीय उत्पादनका रूपमा अगाडि बढाउने उद्देश्य सहित एउटा प्रयास थालनी गरेको बताइन । "हामीले पर्यटकलाई पोखरा घुमाउने मात्रै होइन, पोखराको संस्कृति अनुभूति गराएर फर्काउने वातावरण बनाउनुपर्छ ।" न्यौपानेले यही माध्यमबाट नेपाली मौलिकता अन्तर्राष्ट्रिय जगतसम्म पुऱ्याउन सकिने भन्दै सबैको साथको अपेक्षा गरेको बताइन । कार्यक्रममा सहभागी पर्यटन क्षेत्रका प्रतिनिधिहरूल दशैंको सांस्कृतिक पक्षलाई पर्यटनसँग जोड्दा पोखराको पर्यटनमा थप विविधता र नयाँ आकर्षण थपिन सक्ने भन्दै महोत्सवा सफल बनाउन रचनात्मक सुझावहरु दिएको संस्थाका उपाध्यक्ष एवम कार्यक्रम संचालक लक्ष्मी लामिछाने जानकारी दिइन ।

## मनाङ पुगेका पर्यटक फर्किन थाले

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ असोज

अन्नपूर्ण चक्रीय पदमार्ग हुँदै मनाङ पुगेका विदेशी पर्यटक निरन्तरको वर्षासँगै मौसम प्रतिकूल बनेपछि बीच बाटोबाटै यात्रा छोट्याएर लमजुङतर्फ फर्किन थालेका छन् ।

थोराङ्ला भञ्ज्याङ पार गर्दै मुस्ताङ, पोखरालगायत गन्तव्यमा पुग्ने योजनामा आएका पर्यटक मौसममा आएको खराबी र बढ्दो जोखिमका कारण मनाङबाटै फर्किन थालेका हुन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), धारापानीका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार पछिल्लो एक सातामा २४६ विदेशी पर्यटक मनाङबाट लमजुङतर्फ फर्किएका छन् । फर्किनेमा १५१ पुरुष र ९५ महिला रहेका छन् ।

यही असोज ६ गतेदेखि १२ गतेसम्म उक्त सङ्ख्यामा पर्यटक फर्किएका हुन् । केही दिनअघिसम्म धारापानी हुँदै दैनिक १०० देखि १५० सम्म विदेशी पर्यटक मनाङतर्फ जाने गरेका थिए । पछिल्लो समय मौसम प्रतिकूल बनेसँगै पर्यटकको आवागमन घटेको छ । अहिले एक-दुई जना पर्यटक मात्रै मनाङतर्फ जाने गरेका छन् भने अधिकांश पर्यटक लमजुङतर्फ फर्किन थालेका छन् । "केही दिनअघिसम्म दैनिकजसो १०० देखि १५० सम्म पर्यटक मनाङतर्फ जाने गरेका थिए। अहिले एक-दुई जना मात्रै मनाङतर्फ गएको देखिन्छ, अधिकांश फर्किन थालेका छन्", इन्चार्ज गुरुङले भन्नुभयो ।

मौसममा आएको खराबी, निरन्तरको वर्षा तथा पदमार्गमा बढेको जोखिमका कारण थोराङ्ला भञ्ज्याङ हुँदै मुस्ताङलगायत गन्तव्यतर्फ जाने योजनामा रहेका पर्यटकले बीचबाटै यात्रा छोट्याउन थालेका हुन् ।

लमजुङको बैंसीसहर नगरपालिका-७ बाट सुरु हुने अन्नपूर्ण चक्रीय पदमार्ग लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी र कास्की हुँदै जाने प्रमुख पदयात्रा मार्ग हो । यस पदमार्गको उच्चतम बिन्दु पाँच हजार ४१६ मिटरको थोराङ्ला भञ्ज्याङ हो । प्राकृतिक तथा सांस्कृतिक विविधताले भरिएको यस पदमार्गमा विदेशी पर्यटकको सधैँ आकर्षण रहँदै आएको छ ।


### सुरक्षित यात्रा गरौं

◆यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
◆चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
◆मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
◆मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
◆सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
◆क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
◆लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौ,
◆सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।
सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब पार्टीभित्र अराजकता र अनुशासनहीनता चल्दैन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १३ असोज

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले अब पार्टीभित्र अराजकता र अनुशासनहीनता नचल्ने स्पष्ट पार्नुभएको छ ।

हालै सम्पन्न पार्टीको तेस्रो पूर्ण केन्द्रीय कमिटी बैठकका सन्देशबारे कोशी, मधेस, बागमती, उपत्यका विशेष र सम्पर्क समन्वय प्रदेशका पदाधिकारीलाई भर्चुअल रूपमा सम्बोधन गर्दै अध्यक्ष ओलीले अब पार्टीको नीति र अनुशासनविपरीत जाने, अराजकता फैलाउने वा विपक्षी रमाउने गरी बोल्ने जोकोहीमाथि कडा कारबाही हुने जनाउ दिनुभयो । एमालेको केन्द्रीय कमिटीको तेस्रो बैठक यही असोज ५ देखि ८ गतेसम्म ललितपुरमा भएको थियो ।

लोकतन्त्रको रक्षा र अब हुने स्थानीय तहको निर्वाचनको तयारी पार्टीको मुख्य गन्तव्य भएको उल्लेख गर्दै अध्यक्ष ओलीले अर्जुनदृष्टि लिएर लक्ष्यमा केन्द्रित हुन आग्रह गर्नुभयो । अन्य कुनै दलसँग तत्काल पार्टी एकता नहुने तर चुनावी तालमेल वा विषयगत कार्यगत एकता हुनसक्ने अध्यक्ष ओलीको भनाइ थियो ।

अध्यक्ष ओलीले राजधानी वा सुविधाभोगी ठाउँमा बसेर जिल्ला वा कार्यक्षेत्रको जिम्मेवारी पूरा हुन नसक्ने भन्दै नेताहरूलाई 'टुरिस्ट' नबनी स्थलमै गएर योजना बनाउन निर्देशन दिनुभयो । पार्टी केन्द्रीय कार्यालय, च्यासलबाट सञ्चालित भर्चुअल कार्यक्रममा उपाध्यक्षहरू रामबहादुर थापा 'बादल' विष्णुप्रसाद पौडेल, रघुजी पन्त, महासचिव शङ्कर पोखरेललगायत नेताहरूको उपस्थिति थियो ।

# सिर्जनशीलको अध्यक्षमा डा. श्रीधर न्यौपाने, अनुसन्धानदाता सुवेदी र भद्रा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज



अनुसन्धानदाता डा. अनिल सुवेदी र प्रा.डा. चन्द्रा भद्रा पोखरामा सम्मानित भएका छन् ।

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान, पोखराले १८औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनका अवसरमा कृषि तथा वनस्पतिका क्षेत्रमा अनुसन्धान र साहित्य सिर्जनामा योगदान पुर्याएका सुवेदी र लैङ्गिक अध्ययन र अनुसन्धानका क्षेत्रमा क्रियाशिल भद्रालाई नगद दशहजार, सम्मानपत्र र दोशल्ला प्रदान गरी सम्मानित गरिएको हो । सुवेदीलाई संस्थाका आजीवन सदस्य तारा पाखेकी बुहारी सन्जु गौतमको संरक्षकत्वमा संस्थामा स्थापित 'अनिल गौतम सिर्जनशील पुरस्कार २०८३' र भद्रालाई संस्थाका सदस्य पुण्यप्रसाद भट्टराईका छोरा बुहारी विजयकुमार र भावना भट्टराईको संरक्षकत्वमा संस्थामा स्थापित 'सीतापुण्य सिर्जनशील पुरस्कार २०८३' अर्पण गरिएको हो । उनीहरुलाई संस्थाका जेष्ठ सदस्य टीकाराम वाग्ले र अध्यक्ष सुरज पौडेलले सम्मान गरे । कार्यक्रममा प्रमुख अतिथि वाग्लेले सम्मानित व्यक्तित्वलाई बधाई दिदैं, संस्थामा रहँदाको अनुभव सुनाएका थिए। सम्मानित व्यक्ति सुवेदी र भद्राले संस्थाले गरेको सम्मानप्रति खुसी व्यक्त गरे । प्रतिभा छनोट समितिका संयोजक डा. योगराज पौडेलले पुरस्कृत व्यक्तित्वहरूको व्यक्तित्वमाथि प्रकाश पारेका थिए।

कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्यहरू टीकाराम वाग्ले, वसन्तप्रसाद पराजुली, पुण्यप्रसाद भट्टराईलाई ढाका टोपी लगाएर सम्मान गरिएको थियो । सोही अवसरमा संस्थाद्वारा प्रकाशित 'अवधारण सिर्जना' अङ्क ४ र कार्यसमिति सदस्य पुण्यप्रसाद भट्टराईको 'दृश्यदर्पण' कवितासङ्ग्रहको पनि लोकार्पण गरिएको छ । कार्यक्रममा निर्वाचन समितिका संयोजक दिपेन्द्र पराजुली, पूर्व अध्यक्ष डा. भूमिराज बस्ताकोटी,सदस्य लोकचन्द्र खनाल,सदस्य वसन्तराज चालिसे,डा. लक्ष्मीशरण अधिकारी, विन्दु पौड्याल,कपिलमणि दाहाल, सुलोचना खनाललगायतले संस्थाका गतिबिधीको चर्चा गरेका थिए ।त्यस अवसरमा कल्याण पन्त, प्राञ्जल, पुष्पराज कोइराला, डा चुडामणि कडेल, रीता अधिकारी 'ऋतु' कृष्णप्रसाद बस्ताकोटी र राजु क्षेत्रीलाई संस्थाको आजीवन सदस्यता प्रदान गरिएको थियो । सभाले कोषाध्यक्ष टेकनाथ पौडेल र सचिव डा. पिताम्बर पौडेलद्वारा प्रस्तुत प्रतिवेदन छलफलपछि पारित गरेको छ। यसैबिच अधिवेशनले डा. श्रीधर न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ। संस्थाको उपाध्यक्षमा अम्बिकाप्रसाद भट्टराई, सचिवमा लोकचन्द्र खनाल, सहसचिवमा शान्ति कंडेल र कोषाध्यक्षमा कृष्णप्रसाद बाँस्तोला राजु चयन भए। सदस्यहरूमा पुण्यप्रसाद भट्टराई, डा. चुडामणि कडेल, इन्दु सुवेदी, कमला खनाल, मणि डुम्रे, पुष्पराज कोइराला निर्वाचित भए । नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक दिपेन्द्र पराजुलीले शपथग्रहण गराएका थिए । नवनिर्वाचित अध्यक्ष डा.श्रीधर न्यौपानेले आगामी दिनमा सबैको साथ सहयोगमा संस्थालाई गति दिने प्रतिबद्धता व्यक्त गरे।

# भुटानी राष्ट्रिय क्रिकेट टोली गण्डकीसंग पराजित

पोखरापत्र संवाददाता
पोखरा, १३ असोज

विश्व पर्यटन दिवसको सन्दर्भमा पोखरा मंगलबार देखि सुरु भएको अभ्यास खेलमा घरेलु टिम गण्डकी प्रदेश क्रिकेट टोलीले पाहुना टोली भुटानको राष्ट्रिय पुरुष क्रिकेटको समुहलाई पराजित गरेको छ।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा मंगलबार भएको खेलमा गण्डकीले ८ विकेटले जित हासिल गरेको हो। भुटानले दिएको ९७ रनको सामान्य लक्ष्य गण्डकीले ११ ओभरमै २ विकेट गुमाएर लक्ष्य सहज पूरा गर्दै प्रभावशाली जित हासिल गरेको हो । गण्डकीको जितमा ईश्वर क्षेत्रीले अविजित ३४ रनको योगदान दिए। यसअघि टस जितेर गण्डकीले पहिले बलिङ गर्ने निर्णय गरेको थियो। गण्डकीका बलरसामु टिक्न नसकेको भुटान १९.३ ओभरमा ९६ रनमै समेटिएको थियो। भुटानका लागि सोनाम चोपेल र रन्जुङ मिक्यो दोर्जीले समान २७ रनको योगदान दिनुभयो। गण्डकीका लागि सुभाष भण्डारीले ४, अपराजित पौडेलले ३ विकेट दिनुभयो । ९७ रनको लक्ष्य पछ्याएको गण्डकीले भने सुरुदेखि नै आक्रामक शैलीमा ब्याटिङ गर्‍यो। ११ ओभरमै लक्ष्य पूरा गर्दै घरेलु टोलीले भ्रमणकारी भुटानी टोलीविरुद्ध पहिलो खेलमा सहज जित हात पार्न सफल भएको हो । विश्व पर्यटन दिवसको अवसर पारेर भुटानको राष्ट्रिय क्रिकेट टोली अभ्यास तथा मैत्रीपूर्ण खेलका लागि पोखरा आएको गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देले बताउनु भयो । आगामी आईसीसी मेन्स टी-२० विश्वकप एसिया सब-रिजनल क्वालिफायर 'ए'को तयारीका लागि भुटानी टोलीले पोखरालाई अभ्यास गन्तव्यका रूपमा रोजेको हो । उक्त खेलको गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देले अम्पायर भोजराज बराल र अर्जुन उपााध्यायलाई बल ब्याट हस्तान्तातरण गर्दै गर्नु भएको । मलेसियामा आगामी अक्टोबर ३ देखि सुरु हुने प्रतियोगिताको तयारी स्वरूप भुटानी टोलीले पोखरामा चारवटा अभ्यास खेल खेल्ने कार्यक्रम छ। नेपाल क्रिकेट संघ (क्यान)को सहयोग तथा गण्डकी प्रदेश क्रिकेट संघको आयोजनामा हुने खेलमध्ये पहिलो खेल मंगलबार गण्डकी प्रदेशसँग सम्पन्न भएको हो । तालिकाअनुसार भुटानले असोज १४ गते पनि गण्डकी प्रदेशसँग अर्को अभ्यास खेल खेल्नेछ। त्यसपछि असोज १५ र १६ गते भने क्यान-११सँग दुई अभ्यास खेल खेल्ने कार्यक्रम छ।

# बागलुङ पहिरोमा परी मृत्यु हुनेको संख्या १२ पुग्यो

पोखरापत्र संवाददाता
बागलुङ, १३ असोज

बागलुङमा बाढी पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ।

पछिल्लो तीन दिनयता बागलुङको विभिन्न स्थानमा गएको पहिरोले घर पुरिँदा १२ जनाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता छन्।

ताराखोला गाउँपालिका-५ सिपमा पहिरोले घर पुरिँदा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। घर पुरिँदा ५५ वर्षीय दिलबहादुर पुन र उहाँकी सासु म्याग्दीको मालिका गाउँपालिका-२ की ७९ वर्षीय नरमाया रोकाको मृत्यु भएको प्रहरी उपरीक्षक फणीन्द्र प्रसाईँले जानकारी दिनुभयो । पहिरोमा परी पुनका श्रीमती, दुई छोरा र बुहारी सामान्य घाइते भएको उहाँले बताउनुभयो । जिल्लामा अविरल वर्षापछि आएको विपद्मा परी मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ भने विपद् परी एक जना बेपत्ता हुनुभएको छ। शनिबार ताराखोलामै एक जनाको मृत्यु भएको थियो । थियो भने आइतबार बागलुङको तमानखोला गाउँपालिकामा चार जनाको मृत्यु, एक बेपत्ता र निसीखोला गाउँपालिकामा पाँच जनाको मृत्यु भएको थियो।

| क्र.सं. | शाखा कार्यालय | सदस्य कोड नम्बर | ऋणीहरूको नाम | बुबाको नाम | श्रीमानको नाम | ससुराको नाम | ऋणीको स्थायी ठेगाना | ऋणीको नागरिकता नम्बर | ऋण खाता नम्बर | ऋण शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६७ | बेनी, म्याग्दी | 086.023.02.1.GL.2 | सुशिला के सि | गुरु प्रसाद शर्मा | बिदुर बहादुर घर्ति | जगत बहादुर घर्ति | बाग्लुङ -१०, बाग्लुङ | १९६८५२ | 086.023.02.1.GL.2 | कृषि तथा अन्य |
| ६८ | बेनी, म्याग्दी | 086.023.01.5.GL.3 | लक्ष्मी चपाई छेत्री | भिम बहादुर चपाई | इन्द्र बहादुर छेत्री | मेघ बहादुर छेत्री | पर्बत ,धाइरिंङ-०९ | ५११०२१/५३६ | 086.023.01.5.GL.3 | ब्यापार |
| ६९ | बेनी, म्याग्दी | 086.025.01.4.GL.3 | रत्नकलि घर्ति मगर | कर्ण बहादुर छन्त्याल | राजेन्द्र बहादुर घर्ति मगर | लाल बहादुर घर्ति मगर | भकिम्ली -०७, म्याग्दी | ६३८ | 086.025.01.4.GL.3 | ब्यापार |
| ७० | बेनी, म्याग्दी | 086.002.01.2.GL.3 | टिका कुमारी शर्मा गुरुङ | प्रेम प्रसाद शर्मा | भिम बहादुर गुरुङ | रामसि गुरुङ | बेनी न पा -१३ | ४९१०१८/१८९२४ | 086.002.01.2.GL.3 | कृषि तथा अन्य |
| ७१ | बेनी, म्याग्दी | 086.002.01.5.GL.3 | संगीता बि क | टेक बहादुर कामी | दिलबहादुर बि क | नरबहादुर बि क | सिँगा ०२, म्याग्दी | ४९१०१८/२६९७२ | 086.002.01.5.GL.3 | कृषि तथा अन्य |
| ७२ | बेनी, म्याग्दी | 086.036.02.1.PL.1 | भगवती खत्री | कर्णबहादुर खड्का | खम बहादुर खत्री | ससिधर खत्री | ज्यामरुककोट-०८, म्याग्दी | ४९१००३/१००५० | 086.036.02.1.PL.1 | कृषि तथा अन्य |
| ७३ | बेनी, म्याग्दी | 086.013.02.3.GL.4 | घरि माया पुर्जा | सम बहदुर पुर्जा पुन | यम कुमार पुन | सक्तबीर पुन | कुहुँ-०८, म्याग्दी | ४९३०२७/५४ | 086.013.02.3.GL.4 | ब्यापार |
| ७४ | बेनी, म्याग्दी | 086.036.02.2.GL.2 | अनिशा खत्री | मन बहादुर खत्री | अमित खत्री | खम बहादुर खत्री | बेनी न प १० | ४९-०१-७९-००२५७ | 086.036.02.2.GL.2 | कृषि तथा अन्य |
| ७५ | बेनी, म्याग्दी | 086.028.01.3.GL.3 | याम माया मगर | बुधि बहादुर छेत्री | लाल बहादुर मगर | धन बहादुर मगर | मरांग-०८, म्याग्दी | २१२७ | 086.028.01.3.GL.3 | कुखुरा पालन |
| ७६ | बेनी, म्याग्दी | 086.028.02.2.GL.2 | रुपा सार्की | सकलबहादुर सार्की | प्रेम प्रसाद सार्की | दिल बहादुर सार्की | बाबियाचौर -०७, म्याग्दी | १२८७५ | 086.028.02.2.GL.2 | कुखुरा पालन |
| ७७ | बेनी, म्याग्दी | 086.005.01.1.GL.5 | भगवती बानियाँ खत्री | जित बहादुर वामिथा | सुमन खत्री | चन्द्र बहादुर खत्री | अर्थुंगे-०८, म्याग्दी | ११०९५ | 086.005.01.1.GL.5 | ब्यापार |
| ७८ | बेनी, म्याग्दी | 086.029.01.3.GL.2 | भेष कुमारी मगर राना | खिम बहादुर पुन | सुजन बहादुर राना मगर | दिर्घ बहादुर राना | बेनी न पा ०६, म्याग्दी | ४९-०१-७०-०२०६४ | 086.029.01.3.GL.2 | कृषि तथा अन्य |
| ७९ | बेनी, म्याग्दी | 086.030.01.2.GL.2 | मिना बि क | चेतबीर दमाई | नन्द लाल बि क | रन बहादुर बि क | दरबांग ७, म्याग्दी | ४५८० | 086.030.01.2.GL.2 | कुखुरा पालन |
| ८० | बेनी, म्याग्दी | 086.030.01.4.GL.1 | बुधिकला घर्ति तामाङ | टेक बहादुर घर्ति | टेकबहादुर तामाङ | मोनदोर्जे तामाङ | सिन्धुपाल्चोक, चौतारा न पा ०३ | २४-०१-७५ -००३७० | 086.030.01.4.GL.1 | कुखुरा पालन |
| ८१ | बेनी, म्याग्दी | 086.020.01.5.GL.3 | बालकुमारी पुन | शेर बहादुर पुन | धनराम पुन | कबि राम पुन | बेनि न प ०४, सुर्केमेला | ४९१०१८/२५३८६ | 086.020.01.5.GL.3 | ब्यापार |
| ८२ | बेनी, म्याग्दी | 086.032.03.2.GL.2 | ख माया गर्बुजा | उत्तर बहादुर थजाली | सुकबहादुर गर्बुजा | दिलबहादुर गर्बुजा | बेग खोला -०५, म्याग्दी | ४९३००५/२७ | 086.032.03.2.GL.2 | ब्यापार |
| ८३ | बेनी, म्याग्दी | 086.033.01.2.GL.2 | पुजा नेपाली | कृष्ण बहादुर सुनार | महेन्द्र नेपालि | शेरे शार्कि | बेनी नपा -१४, म्याग्दी | ४९-०१-७२-०१३८४ | 086.033.01.2.GL.2 | ब्यापार |
| ८४ | बेनी, म्याग्दी | 086.037.01.3.GL.2 | बबिता दर्जी | नबाल सिं परियार | गिरु दर्जी | मन बहादुर दर्जी | कुहुँ-०३, म्याग्दी | ४९-०१-७३-००१७९ | 086.037.01.3.GL.2 | कुखुरा पालन |
| ८५ | बेनी, म्याग्दी | 086.037.01.3.GL.2 | करुणा सिर्पाली | धन बहादुर सुनार | कुल बहादुर सिर्पाली | डम्बरबहादुर बि क | कुहुँ ०४, म्याग्दी | ४९३०२७/६२ | 086.037.01.3.GL.2 | कुखुरा पालन |
| ८६ | बेनी, म्याग्दी | 086.039.01.2.GL.2 | करुणा मगर | इन्द्र बहादुर छन्त्याल | यम बहादुर मगर | दल बहादुर मगर | बर्जा -०४, म्याग्दी | ४९१०२८/११७०२ | 086.039.01.2.GL.2 | ब्यापार |
| ८७ | बेनी, म्याग्दी | 086.039.01.5.GL.1 | गीता हमाल छन्त्याल | नाम बहादुर हमाल | सचिन छन्त्याल | राम बहदुर छन्त्याल | मालिका -०६ | ४९-०१-७८-०४२९८ | 086.039.01.5.GL.1 | कुखुरा पालन |
| ८८ | बेनी, म्याग्दी | 086.039.01.4.GL.2 | पूर्णकलि सिर्पाली | दल बहादुर सुनार | खिम बहादुर सिर्पाली | रञ्जित कामी | धबलागिरी -०७ | ४९-०१-७८-००६२५ | 086.039.01.4.GL.2 | ब्यापार |
| ८९ | बेनी, म्याग्दी | 086.041.01.1.PL.1 | सममाया रोका | सरबहादुर बुढाथोकी | दुर्गलाल रोका | गन बहादुर रोका | दाना -०१, म्याग्दी | ४९१०३१/४२२० | 086.041.01.1.PL.1 | ब्यापार |
| ९० | बेनी, म्याग्दी | 086.041.02.5.GL.1 | गरिमा सिंजाली मगर | दुर्गा बहादुर सिंजाली मगर | रबिन दुखारा राई | कर्ण बहादुर राई | हुप्सेकोट -०५, नवलपरासी | ३६-०२-७५-०५९५३ | 086.041.02.5.GL.1 | कुखुरा पालन |
| ९१ | बेनी, म्याग्दी | 086.045.01.4.GL.1 | बिष्णु बि क | पहलमान कामी | कृष्ण प्रसाद बि क | कविराज कामी | पाखापानी -०४, म्याग्दी | ४९१००१/१६५३९ | 086.045.01.4.GL.1 | ब्यापार |
| ९२ | बेनी, म्याग्दी | 086.047.01.1.GL.1 | रुपा कार्की | जित बहादुर चोखाल | लाल बहादुर कार्की | लोकबहादुर कार्की | अर्थुंगे-०८, म्याग्दी | ४९१००१/५०२८ | 086.047.01.1.GL.1 | पशुपालन |
| ९३ | बेनी, म्याग्दी | 086.044.01.4.GL.1 | मिनु तिलिजा | बखत बहादुर गर्बुजा | श्री मान तिलिजा | उद बहादुर तिलिजा | रघुगंगा -०४, म्याग्दी | ४९३०४०/५० | 086.044.01.4.GL.1 | कुखुरा पालन |
| ९४ | बेनी, म्याग्दी | 086.012.02.2.GL.3 | सरस्वती कार्की | पूर्ण बहादुर कार्की | | कृष्ण बहादुर कार्की - बाजे | बेनी नपा -०९ | ४९-०१-७१-०४०७२ | 086.012.02.2.GL.3 | ब्यापार |
| ९५ | बेनी, म्याग्दी | 086.037.03.1.GL.1 | शोभा सार्की | कविराम सार्की | कृष्ण बहादुर | खिम बहादुर सार्की | मंगला -०१ | ४९१०२७/१९६८० | 086.037.03.1.GL.1 | कुखुरा पालन |
| ९६ | बेनी, म्याग्दी | 086.031.02.2.GL.2 | कुल्मति बि क | नयन्द्र बहादुर बि क | शेर बहादुर बि क | नरबिर बि क | मंगला -०१ | ४९३०२७/१९३ | 086.031.02.2.GL.2 | फल फुल |
| ९७ | माडी, चितवन | 075.004.01.3.GL.4 | कौसिला कामी | काले कामी | हरक बहादुर विश्वकर्मा | हरि बहादुर विश्वकर्मा | माडी न.पा.-३, बसन्तपुर, चितवन | ३५/७१२ | 075.004.01.3.GL.4 | कृषि तथा ब्यापार |
| ९८ | माडी, चितवन | 075.004.02.4.GL.4 | इन्दिरा दराई | बिहारी लाल दराई | बुढी राम मुखिया | सिख राम दराई | माडी न.पा.-५, बसन्तपुर, चितवन | ३५/५९९ | 075.004.02.4.GL.4 | कृषि तथा अन्य |
| ९९ | माडी, चितवन | 075.031.03.6.GL.2 | रबिना कुमारी महतो | जित राम महतो | प्रकाश महतो | मुक्ति राम महतो | माडी न.पा.-६, बसन्तपुर, चितवन | ३५१०३५/१९६ | 075.031.03.6.GL.2 | कृषि तथा अन्य |
| १०० | माडी, चितवन | 075.055.02.3.GL.2 | धनकुमारी महतो | सुखिराम महतो | राजकुमार महतो | चक्रमणि महतो | माडी न.पा.-१, सिहारुवा, चितवन | ३५४८५०३ | 075.055.02.3.GL.2 | कृषि तथा अन्य |
| १०१ | माडी, चितवन | 075.048.01.4.GL.2 | मङ्गली विश्वकर्मा | आशाराम विश्वकर्मा | केशव सुनार | शक्ति बहादुर | माडी न.पा.-५, ढिकुरबारी, चितवन | ३५/९३४ | 075.048.01.4.GL.2 | कृषि तथा अन्य |
| १०२ | माडी, चितवन | 075.033.01.5.GL.3 | ज्ञानी कामी | नाम कामी सुनार | बेग बहादुर कामी | माने कामी | माडी न.पा.-३, इनारबरुवा, चितवन | ४११०५५/९२८७१ | 075.033.01.5.GL.3 | ब्यबसाय |
| १०३ | माडी, चितवन | 075.032.01.4.CL.1 | शोभा सा कानु | थागुवा साह कानु | राज कुमार साह | नन्दु साह | माडी न.पा.-३, धोबहा, चितवन | ३५१०३५/६०१ | 075.032.01.4.CL.1 | ब्यबसाय |
| १०४ | माडी, चितवन | 075.031.03.3.GL.4 | आदिति कुमारी महत्तो | पास्पति महत्तो | सियान महत्तो | यास्मानी महत्तो | माडी न.पा.-६, थारु टोल, चितवन | ३५-०२-७७-००५५५ | 075.031.03.3.GL.4 | कृषि तथा अन्य |
| १०५ | माडी, चितवन | 075.031.03.1.GL.3 | संजु महत्तो | जीवननाथ महत्तो | जितेन्द्र महत्तो | धनेश्वर महत्तो | माडी न.पा.-३, बसन्तपुर, चितवन | ३५२००८/२४७३ | 075.031.03.1.GL.3 | कृषि तथा अन्य |
| १०६ | माडी, चितवन | 075.031.02.5.GL.4 | फुलमती पावे | लादुर पावे | सुकदेव पावे | रामधानी पावे | माडी न.पा.-६, बसन्तपुर, चितवन | १३५३ | 075.031.02.5.GL.4 | कृषि तथा अन्य |
| १०७ | माडी, चितवन | 075.031.02.1.GL.3 | शान्ति देवी महत्तो | धर्मे पावे | राजेश कुमार महत्तो | थागरम महत्तो | माडी न.पा.-६, बसन्तपुर, चितवन | ३५३०२९/३४९ | 075.031.02.1.GL.3 | ब्यापार |
| १०८ | माडी, चितवन | 075.026.01.2.GL.3 | थागनी महत्तो | चाजु राम महत्तो | हाथान महत्तो | चुलाई महत्तो | माडी न.पा.-६, बसन्तपुर, चितवन | ३५३०२९/३८९ | 075.026.01.2.GL.3 | कृषि तथा अन्य |
| १०९ | माडी, चितवन | 075.021.02.2.GL.3 | ज्ञानु विश्वकर्मा | गणेश बहादुर विश्वकर्मा | टोक बहादुर सुनार | लक्ष्मण सुनार | माडी न.पा.-१, बरुवा, चितवन | ३५/०१/७२/११३६८ | 075.021.02.2.GL.3 | कृषि तथा अन्य |
| ११० | माडी, चितवन | 075.014.01.5.GL.4 | कान्छी गुरुङ | गोल बहादुर गुरुङ | वीर बहादुर गुरुङ | जगनलाल गुरुङ | माडी न.पा.-६, रामराज्यपुर, चितवन | ३४६२२ | 075.014.01.5.GL.4 | कृषि तथा अन्य |
| १११ | माडी, चितवन | 075.005.01.1.GL.3 | सान्ता कुमारी महत्तो | नारायण महत्तो | धर्मनाथ महत्तो | भोडा महत्तो | माडी न.पा.-३, बसन्तपुर, चितवन | १८७/०३४ | 075.005.01.1.GL.3 | कुखुरापालन |
| ११२ | माडी, चितवन | 075.012.02.5.GL.2 | सुष्मा कुमारी महत्तो | चुडामणी महत्तो | प्रदीप महत्तो | शंकर प्रसाद महत्तो | माडी न.पा.-४, अमरौली, चितवन | ३५१०३५/३१ | 075.012.02.5.GL.2 | ब्यबसाय |
| ११३ | माडी, चितवन | 075.013.01.5.GL.3 | आरती महत्तो | माधाई महत्तो | लक्ष्मण महत्तो | बुधन महत्तो | माडी न.पा.-३, बगौडा, चितवन | ३५-०१-७०-०१६७७ | 075.013.01.5.GL.3 | कृषि तथा अन्य |

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, ब्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# अवरुद्ध सडक संचालनमा ध्यान देऊ

